# संसारको सर्वोत्कृष्ट जल

# जमजम

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2014 - 1435

IslamHouse.com

# ماء زمزم خير ماء على وجه الأرض

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरु अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले जमजम पानीको प्रधानता समस्त पानीहरु माथि प्रमाणहरु द्वारा सिद्ध गरेछु, साथै त्यसको इतिहास र लाभहरुलाई पनि वर्णन गर्ने प्रयास गरेछु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरुलाई फाईदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# जमजम पानीको इतिहास

जमजम पानीको इतिहास धेरै नै पुरानो छ र यसको आरम्भ प्राचीन कालदेखि नै आरम्भ हुन्छ ।

यस पानीको कथा आजदेखि लगभग ५ हजार पर्ष अघि नै आरम्भ भएको थियो, र यसको प्रवाहन त्यसै युगमा आरम्भ भएको इतिहासमा उल्लेख छ । कुरो यो थियो कि हजरत इब्राहीम अलैहिस्सलाम जहाँलाई अल्लाहले खलील ( मित्र )को नामले सम्बोधन गरेछ, र जसका कथाहरु धेरै प्रसिद्ध र बहु चर्चित छन्, र जसको जन्म यस्तो परिवारमा भएको थियो जुन परिवार बहुदेववादमा विश्वास राख्थ्यो, र उहाँको बाबु आजर मूर्तिहरुलाई बनाउने र विक्री गर्ने प्रोहित थिए । अनि जब अल्लाहले उहाँलाई आफ्नो सन्देष्टाको रूपमा रोज्यो र उहाँलाई इस्लामको प्रचार प्रसार गर्ने आदेश गऱ्यो त उहाँले आफ्नो कार्य आरम्भ गरे । तर सबै जनाले उहाँलाई दुःख दिनथाले र एक दिन जब उनीहरु आफ्नो एउटा चाड मनाउनमा मस्त थिए, हजरत इब्राहीमले उनीहरुको सबै पूज्य मूर्तिहरुलाई टुक्रा टुक्रा पारिदिए, र बंचरो सबै भन्दा ठूला मूर्तिको घाँटीमा झुन्डियाई घर फर्के । र जब उनीहरु पूजाको लागि त्यहाँ पुगे त आफ्ना पूज्यहरुको यो दुर्दशा देखी आश्चर्य चकित भए र भन्न थाले यो कुकर्म कसले गरेछ ?

अनि उनी मध्ये एउटाले भन्यो: कदाचित इब्राहीमले नै यो कर्म गरेको होला यस्तो मलाई आभास हुन्छ । अनि उनीहरु इब्राहीम अलैहिस्सलाम समक्ष आई भने: हे इब्राहीम के तिमीले नै हाम्रा पूज्यहरुसंग यो कर्म गरेका हौ ? त उहाँले भने होइन बरु त्यो ठूलो मूर्तिले गरेको हो । अनि उनीहरुले भने: हे इब्राहीम तिमीलाई यो कुरो परिपक्व रूपले थाहा नै छ कि यी मूर्तिहरु हिलडुल गर्न सक्दैनन् अनि त्यो मूर्ति यो कार्य कसरी गर्न सक्छ ! त हजरत इब्राहीम अलैहिस्सलामले भन्नु भयो: यदि उनीहरु आफै स्वयम् आफ्नै रक्षा गर्न सक्दैनन् भने तिमीहरुको रक्षा कसरी गर्ने छन् ? र जुन असहाय होस त्यो ईश्वर र पूज्य कसरी हुन सक्छ ? त हे हाम्रा समुदायका मानिसहरु मूर्ति पूजनलाई त्यागी एक अल्लहमा विश्वास गरिहाल जुन सर्वशक्ति सम्पन्न छ । अनि उनीहरुले उहाँलाई आगोमा फाली पोलेर मार्न आँट गरे, तर अल्लाहको योजना आर्कै थियो र त्यो अल्लाह सबै भन्दा सूक्ष्म योजनाकार छ । अर्थात अल्लाहले उहाँको लागि आगोलाई पनि पानी जस्तै बनाई दियो । अल्लाहले आगोसित भन्यो : " हे आगो चिसो भइहाल " अनि त्यो चिसो भइहाल्यो । र इब्राहीमको यस कथालाई अल्लाहले कुरआनमा यस प्रकार वर्णन गरेका छन् हेर्नुस् ! " निःसन्देह हामीले इब्राहीम (अलै) लाई यस अघि नै सदाचार र सोच समझ प्रदान गरेका थियौं र हामीलाई उनको अवस्था बारे राम्ररी थाहा थियो । जब उनले आफ्नो पिता र आफ्नो समुदायसित भने: "यी मूर्तिहरू को हुन्, जसको तिमीहरू एकाग्रभई पूजा गर्दछौ ?" तिनीहरू जवाफदिन थाले कि हामीले आफ्ना बाबु-बाजेहरूलाई

यिनैको पूजा गरेको देखेका छौं । इब्राहीम (अलैहिस्सलाम) ले भने ! कि निःसन्देह तिमी र तिम्रा बाबु-बाजे पनि अज्ञानताबाट ग्रस्त रहयौ । तिनीहरूले भने कि के साँच्चै तपाईले हाम्रो पासमा सत्य कुरा ल्याउनु भएको छ वा कि त्यसै हाँसो ख्याल गरी रहनु भएको छ । (इब्राहीम अलैस्सिलाम.)ले) भने, (होइन) बरु वास्तवमै तिमी सबैको पालनकर्ता त्यो हो जो आकाशहरू र धरतीको मालिक हो, जसले तिनीहरूलाई सृष्टि गरेको हो र म यस कुराको साक्षी छु र यसलाई स्वीकार गर्दछु । र अल्लाहको शपथ ! तिमीहरू विमुख भई फर्केर गएपछि म तिम्रा देवताहरूसित एउटा चाल चाल्ने छु । फेरि उहाँ (इब्राहीम-अलैस्सिलाम.)) ले तिनीहरूलाई फुटालेर टुक्रा-टुक्रा पारी दिए, तर एउटा ठूलो मूर्तिलाई छाडिदिए यो पनि यस कारण कि उनीहरू त्यसतिर प्रवृत्त होउन् । उनीहरूले भन्न थाले कि हाम्रा देवताहरूसित यस्तो व्यवहार कसले गऱ्यो निश्चय नै त्यो कुनै अत्याचारी हुनु पर्छ । तिनीहरूले भनेः हामीले एउटा युवकले उनको बारेमा चर्चा गरेको सुनेका थियौं, जसलाई इब्राहीम भनिन्छ । तिनीहरूले भने कि ठीक छ उसलाई सभामा मानिसहरूको अगाडि ल्याऊ कि तिनलाई सबैले हेर्न सकुन् । (इब्राहीम आएपछि ) उनीहरूले भने : हे इब्राहीम ! के तिमीले नै हाम्रा देवताहरूसित यस्तो कर्म गरेका हो ? (इब्राहीम ( अलैस्सिलामले) जवाफ दिए बरु यो उनीहरूभन्दा ठूलोले गरेको छ, यदि यिनीहरू बोल्छन् भने आफ्ना यी पूज्यहरूसित नै सोध । अनि तिनीहरू आफ्ना टाउको टेकेर पल्टेर भन्न थालेः अत्याचारी त तिमी नै हौ । अनि तिनीहरू लज्जाले

व्याकुल भए र (भन्न थाले) कि यो तिमीलाई पनि थाहा छ कि यिनीहरू (यी मूर्तिहरू) बोल्दैनन् । त्यसपछि (इब्राहीम (अलैस्सिलाम)ले भने: कि "त्यसो भए तिमीहरूले अल्लाहलाई छाडी यस्ता कुराको पूजा किन गर्दछौ जसले (पूजा गरेमा) तिमीलाई न कुनै लाभ पुऱ्याउन सक्तछन् र पूजा नगरेमा न कुनै हानि ?" धिक्कार छ तिमीहरूलाई र उनीहरूलाई पनि, जसलाई तिमीहरूले, अल्लाह बाहेक पूजा गर्दछौ, के तिमीहरूसँग यति पनि बुद्धि छैन ? (तिनीहरूले) भन्न थाले कि यदि तिमीहरूले देवताहरूको प्रतिशोधको लागि केही गर्नु छ भने यस (इब्राहीम) लाई जलाई हाल र आफ्ना देवताहरूको सहायता गर । हामीले आदेश गऱ्यौं कि हे आगो ! तिमी (इब्राहीमको निम्ति) चिसो भई जा र आराम र सुरक्षाको साधन बनी हाल । तिनीहरूले उनको कुभलो गर्न चाहे, तर हामीले तिनीहरूलाई असफल गरिदियौं । र हामीले "इब्राहीम (अलैस्सिलाम)" र "लूत (अलैहिस्सलाम) लाई" बचाएर धरतीको त्यो भागतिर लग्यौं जसमा हामीले संसारका मानिसहरूको निम्ति वरदान राखेका थियौं । " ( सूरतुल् अम्बिया ५१-७१ )

अनि जब कसैले उहाँको उपदेशलाई स्वीकारेनन् त उहाँले प्रवास गरिहाल्नु भयो र ती दुष्टहरुको नगरलाई छाडी आर्को ठाउँ गई बस्नु भयो । र जब उहाँलाई पुत्र प्राप्ति भयो र उहाँ पूत्र पाएर अति प्रसन्न भए, त अल्लाहले उहाँको परीक्षा गर्नु र आफ्नो योजनालाई पूर्ण गर्नुको निम्ति उहाँलाई आदेश गऱ्यो कि उहाँ आफ्नो प्रिय छोरा र स्वास्नीलाई मक्का नगर स्थित भएको ठाउँमा छाडेर आउन् । त्यस समय उहाँको छोरा

इस्माईल शिशु अवस्थामा नै थिए मात्र दूधमा नै निर्भर थिए । अनि अल्लाहको आदेश मिले पश्चात आफ्नो पुत्र इस्माईल र स्वास्नी हाजरालाई लिएर आज मक्का भएको स्थानमा पुगे जहाँ न कुनै मानव थियो नत कुनै घर, न कुनै खाने कुरा थियो नत पिउने, त्यो त मात्र मरुस्थल थियो, र पहाड बाहेक अरु कुनै वस्तु थिएन ।

अनि आज कअ्बा भएको स्थान नजिक उनीहरुलाई छाडेर जानलागे त हजरत हाजराले भनिन्: हे इब्राहीम हामीलाई यो मरुस्थलमा एकलै छाडेर कता जान लागेको ? तर हजरत इब्राहीमले कुनै उत्तर दिएनन् । अनि यसै वार्तालापको क्रममा हजरत हाजराले भनिन् कि के यो नै अल्लाह द्वारा आदेश गरिएको छ ? त हजरत इब्राहीमले भने हो मलाई यो नै आदेश छ । अनि हजरत हाजराले भनिन् यदि यो अल्लाहको आदेश हो भने अल्लाह नै हाम्रो संरक्षक हो, तपाई गइहाल्नुस् । अनि हजरत इब्राहीम फर्केर आफ्नो घरतर्फ लागे ।

अनि केही समय बिते पश्चात नै आमा छोरा सूर्यको तापले बेहाल र व्याकुल भए, अनि ल्याएको खाना र पीय सबै समाग्री सिद्धयो । र इस्माईल तिर्खाले रुनथाले त आमाको हृदयमा पीडा उठ्यो र हजरत हाजरा यता उता दुर्गुन थालिन्, र यसै दुगुर्ने क्रममा सफा मरवा पर्वतमा सात पटक चढिन् र हेर्दै गरिन कि कदाचित कुनै मानवको दर्शन होस् वा कुनै यात्रु समूह देखियोस् अनि त्यसबाट केही पानी माँगू , तर कुनै मानव देखिएन । र हजरत हाजराले ती दुवै पर्वत बीच दुगुरेको कारण नै आज हाजीहरु सोही पर्वतहरु बीच सात चक्र परिक्रमा गर्छन्, र हजरत हाजराको पद्धतिमा चली

उनको कथालाई स्मरण गर्छन् । आज त त्यस ठाउँमा ए.सी. लागेको छ हामी कदापि त्यस कष्टलाई अनुभव गर्न सक्दैनौं जुन हजरत हाजरालाई पुगे थियो । तै पनि अल्लाहले उनको यस पद्धतिलाई प्रलय सम्मको लागि स्मरणीय बनाई बक्स्यो ।

अर्थात जब हजरत हाजराले सातौं चक्र पूर्ण गरिन् त के हेर्छिन् कि एउटा भद्रपुरुष इस्माईल निकट उभेका छन्, अनि दुगुर्दै आफ्नो शिशु नजिक पुगिन् त के देखिन् कि इस्माईलले सुतेको ठाउँमा जल प्रवाहित छ र त्यो भद्रपुरुष हजरत जिब्रील हुन् । अनि हजरत हाजराले आफ्नो हातबाट पानीको प्रवाहनलाई रोक्न थालिन् र भन्न थालिन् :" जम जम, जम जम " अर्थात हे पानी हे मूल रुकिहाल । र यसै कारण यस पानीको नाम "जमजम" पर्‍यो । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन छ : " अल्लाह इस्माईलको आमामाथि दया गरुन् यदि उनीले यसलाई रोक्दैन थिइन् भने यो प्रवाहित बग्नेवाला मूल हुन्थ्यो " ।

तत पश्चात हजरत हाजराले त्यहीं बसोबास गर्नु भयो, अनि एक दिन **जुरहुम** नामक गोत्र ( जुन यमनको प्रसिद्ध गोत्र हो ) का केही यात्रुहरुको समूह मक्का नजिक थकाई मार्नुको निम्ति रुके, अनि तिनीहरु के हेर्छन् कि चराहरु एक ठाउँमाथि चक्राई राखेका छन् । त उनीहरु आश्चर्य चकित भई भन्न थाले: यो चराहरु कदाचित पानीमाथि चक्र लगाई राखेका छन्, तर हामीलाई यो पनि थाहा छ कि यो मरुस्थलमा पानी त छदैछैन, त कुरो के छ पत्तयाउनु पर्‍यो । अनि उनीहरुले एउटा मान्छेलाई यो पत्तयाउनुको लागि पठाए । अनि उनीहरुको दूतले पानी हुने पुष्टि गर्‍यो । तत पश्चात यो

समूह हजरत हाजरा समक्ष पुगेर भनेः के हामीलाई यो स्थानमा रुक्ने वा थकाई मेटाउने अनुमति छ ? त हजरत हाजराले भनिन्: तिमीहरुलाई यहाँ बस्ने अनुमति छ, तर पानीमाथि तिमीहरुको कुनै हक अधिकार हुने छैन । अर्थात पानी खान पाउँदैनौ । त उनीहरुले भनेः ठीक छ । अनि उनीहरु त्यहाँ रुके । अनि पानी खाने अनुमति पनि मिल्यो, अनि उनीहरु पनि त्यहीं नै बसोबास गर्न थाले ।

अनि जब केही युग पश्चात जुरहुमका संततिहरुले उपद्रव गर्न थाले, र कुकर्म गर्न थाले त जमजमको मूल बन्द भयो । र यस्तै युगपछि युग बित्दै गयो र समयको चक्र प्रगतिशील रह्यो, त अल्लाहले खुजाआ गोत्रलाई जुरहुम गोत्रमाथि अधिपतय प्रदान गऱ्यो । तर यति युग बिते पश्चात जमजमको मूलको स्थान पत्तो लगाउन गाह्रो भयो । यहाँ सम्म कि अल्लाहले अब्दुल मुत्तलिब पुत्र हाशिमलाई त्यस ठाउँको संकेत दिनु भयो, अनि त्यसलाई कुरैशका सबै मान्छेहरुले खोदेर इनार बनाई त्यसको पानी खान थाले, र अल्लाहको गुणगान गर्दै आभार प्रकट गरे ।

# जमजम पानीका नामहरु

यसको लगभग ५४ नामहरु इतिहासका पुस्तकहरुमा वर्णन गरिएका छन्, जस मध्ये केही निम्न हुन:

बरका, बुश्रा, अर्रवाअ्, जमजम, जमाजिम, सेकायतुल् हाज्ज, शबाआ, शाफिया, ताहेरा, तैयिबा, मगजीया ....... आदि ।

# जमजमको मूल स्थान

जमजमको सबै भन्दा ठूलो मूल कालो ढुँगा ( पत्थर ) जसलाई अरबीमा हज्रे असवद भनिन्छ, जुन कअ्बाको पर्खालको एउटा कुनामा स्थापित छ त्यसैको तलको धर्तीबाट निस्कन्छ। जसको लम्बाई ४५ सेन्टी मीटर छ, र ऊँचाई ३० से. मी. छ । र यस्तै आर्को मूल अजान दिने ठाउँ जुन कि हरम भित्र सानो कोठा जस्तो बनाइएको छ त्यसै तर्फबाट निस्कन्छ । जसको लम्बाई ७० से. मी. छ, तर यस मूलमा दुई मूल एकै साथ निस्कन्छन्, र यसको ऊँचाई पनि ३० से. मी. छ। र यस जस्ता अरु सासाना धेरै मूलहरु प्रवाहित छन् । र जमजमको इनार मकामे इब्राहीम पछाडी मताफको ( परिक्रमा गर्ने ठाउँ) तल्लो भागमा स्थित छ, अर्थात अन्डर ग्राउन्ड छ । र विशेषज्ञहरु जमजमका समस्त मूलहरुको संख्या २१ वटा बताउँछन् ।

# जमजमका विशेषताहरु

❁ जमजमको पानी हजरत इब्राहीम र हजरत इस्मईलको लागि अल्लाहको पहिलो ठूलो अनुग्रह थियो त्यस मरुस्थलमा जहाँ कुनै मनुष्य पनि थिएन । अल्लाहले कुरआनमा हजरत इब्राहीमले गरेको प्रार्थनालाई यसरी वर्णन गरेका छन:

अर्थ : हे हाम्रो पालनहार ! मैले आफ्ना केही सन्तान यस गैर अबादी भूमिमा तिम्रो असीम दयायुक्त घर (कअ्बा) नजिक बसालेको छु, हे हाम्रो पालनहार ! यो यसकारण, कि तिनीहरू नमाजलाई निरन्तरता देउन् । तसर्थ तिमीले केही मान्छेहरूका हृदयलाई उतातर्फ आकृष्ट गरि देऊ, र उनीहरूलाई फलहरूको भोजन दिने कृपा गर, जसबाट तिनीहरू तिम्रो स्तुति गरुन् । ( सूरतु इब्राहीम ३७ )

❁ जमजमको पानीको प्रवाहन यस्तो मरुस्थलमा अल्लाहको ठूलो निशानी हो जुन विरामीहरुलाई संचो पार्ने क्षमता रजख्दछ । र त्यो पूर्णरूपले खानेहरुको लागि भोजन पनि हो, जसलाई खाएर भोजन र पानी दुवैको अवश्यकता पर्दैन ।

❁ जमजमको पवित्र पानी साक्षात बरकत ( कल्याण ) हो, जसले जुन इच्छाले खानेछ त्यसको त्यो मनोकामना अवश्य पूर्ण हुनेछ ।

❁ यो पवित्र पानी फालिजको रोगलाई संचो पार्छ ।

❁ निरन्त्रताले पिशाब आउने विरामीलाई पनि संचो पार्छ, यस्तै हृदय र क्यान्सरको रोगलाई पनि संचो पार्छ .....आदि ।

# जमजम पानीको श्रेष्ठता माथि प्रमाणहरु

❁ अल्लाहको फर्मान छ :

अर्थ : हे हाम्रो पालनहार ! मैले आफ्ना केही सन्तान यस गैर अबादी भूमिमा तिम्रो असीम दयायुक्त घर (कअ्बा) नजिक बसालेको छु, हे हाम्रो पालनहार ! यो यसकारण, कि तिनीहरू नमाजलाई निरन्तरता देउन् । तसर्थ तिमीले केही मान्छेहरूका हृदयलाई उतातर्फ आकृष्ट गरि देऊ, र उनीहरूलाई फलहरूको भोजन दिने कृपा गर, जसबाट तिनीहरू तिम्रो स्तुति गरुन् । ( सूरतु इब्राहीम ३७ )

❁ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जमजमको पानी जुन इच्छाले खाइन्छ सो अवश्य पूर्ण हुनेछ । ( मुस्नद अहमद, इरवाउल् गलील सहीह हदीस नं. ११२३ )

❁ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : यस संसारको सबै भन्दा सर्वश्रेष्ठ पानी जमजम हो, जुन खानेहरुको लागि भोजन हो, र विरामीहरुको लागि औसधि ...। ( तब्रानी इब्ने हिब्बान, अल जामेउस्सगीर, अत्तरगीब वत्तरहीब )

❁ हजरत अबू जर गेफारीबाट वर्णन छ कि जब अबू जरले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यो बताउनु भयो कि म मक्कामा ३० दिन बसेको थिएँ, त उहाँ सोध्नु भयोः कि तिमी त्यस अवधिमा के खान्थ्यो ? त हजरत अबू जरले भन्नु भयोः मात्र जमजम खान्थें । त रसूल सल्लल्लाहो अलैहे

वसल्लमले भन्नु भयोः हो त्यो कल्याणकारी पानी हो, त्यो खानेहरुको लागि भोजन पनि हो । ( मुस्लिम )

र यस जस्ता अरु हदीसहरु छन् जुन जमजम जलको कल्याणकारी हुनुलाई प्रमाणित गर्छन् ।

# जमजमका लाभहरु

❁ कुनै विरामीलाई पनि यस जमजमबाट खुवाइयोस् र यसबाट स्नान गराइयोस् भने इन्शा अल्लाह विरामी अवश्य संचो हुनेछ ।

❁ गर्भवती महिलाहरुलाई जमजमबाट स्नान गराइयोस् भने गर्भवतीहरुका सबै रोगहरु संचो हुने छन् ।

❁ जमजम पानीमा प्रति लीटर २५० मिली ग्राम सोडियम हुन्छ, र केलेशियम प्रति लीटरमा २०० मि.ग्रा. हुन्छ, र पोटासियम १२० मि.ग्रा., र मेगनिजम ३७६ मि.ग्रा, ...... आदि पर्दाथहरु छन्, जुन हाम्रो शरीरका लागि अति आवश्यक र उपयोगी छन् । ( आधुनिक चिकित्सा र जमजम, डा. जगलूल अन्नजार )

❁ जमजम हाम्रो शरीरलाई शक्ति एवं स्फुर्ति प्रदान गर्छ ।

❁ जमजम हाम्रो शरीरमा हैडरोजनलाई नार्मल र उत्तम अवस्थामा राख्छ ।

❁ जमजम हानिकारक पदार्थलाई हाम्रो शरीरबाट बाहिर निकाल्छ ।

❁ जमजम विषालु (वाइरस) किटाणुहरुलाई मार्छ ।

❁ जमजम हाम्रो पाचन शक्तिलाई शुद्ध पार्छ ।

❁ जमजम क्यान्सरको वाइरसलाई नाश गर्छ ।

❁ जमजम हाम्रो शरीरको अवश्यकता अनुसार शरीरलाई बकटेरिया प्रदान गर्छ ..... आदि । ( अल् फोसूल फी तिब्बिर्रसूल डा. बलखैर हमूली, माअ् जमजम, डा. मुहम्मद रातिब अन्नाबल्सी )

**प्रिय भाइहरु !** जमजमको पानीमा हामीलाई धेरै पाठहरु नीहित देखिन्छन् । जसरी !

❁ यदि हाम्रो आस्था पनि अल्लाह माथि उस्तै सुदृढ भइहालोस् जस्तो कि हजरत हाजराको थियो, त हाम्रो लागि पनि अनुग्रह अवतरित भइहाल्ने छ र हाम्रो लागि पनि मरुस्थलमा पानी प्रवाहित हुनेछ ।

❁ अल्लाह मात्र साधारण मनुष्यको हाइन बरु आफ्ना प्रियतम् र निकट्तम् भक्त र सन्देष्टाहरुको पनि परीक्षा लिन्छ । र परीक्षामा सफल हुने मानव नै वास्तवमा शुद्ध आस्थावान हो र लोक परलोकमा सफल हुनेवाला हो । तसर्थ कुनै कष्टबाट भयभीत नभई अल्लाह माथि विश्वास राखी त्यस कष्ट एवं परीक्षाको विनम्रता पूर्वक सामना र मुकाबिला गर्नुपर्छ, जस्तो कि हजरत इब्राहीमले गरेका थिए ।

❁ अल्लाहको सीमा उल्लंघन गरेमा र कुकर्म एवं अत्याचार र अन्याय गरेमा अल्लाह आफ्नो अनुग्रहबाट बञ्चित गरिदिन्छन्, जस्तो कि कुकर्म गर्नेहरुको लागि अल्लाहले जमजमलाई रोकिदिएका थिए ।

❁ यदि कुनै मान्छे पनि अल्लाहको अज्ञापालन गर्छ भने अल्लाह त्यसलाई समस्त ब्रह्माण्डको लागि सशक्त र स्मरणीय उदाशरण बनाइदिने छन् ।

❀ अल्लाह र रसूल जस कुरालाई हाम्रो लागि लाभप्रद भनेका छन् त्यो हाम्रो लागि लाभप्रद नै सिद्ध हुनेछ, यद्यपि हामीलाई त्यो लाभ थाहा होस् वा नहोस् ।

❀ हामीमाथि यो अनिवार्य छ कि हामी आफ्नो कर्तव्यको पालना गरौं र त्यसको परिणाम अल्लाह माथि छाडी दिऔं, यो नै हाम्रो परम् कर्तव्य एवं परम् धर्म हो .... आदि ।

**हे प्रिय भाइहरु** ! यो यस्तो पानी हो जुन अति पवित्र छ, र अति पवित्र र उच्च कोटिको सन्देष्टाको लागि प्रवाहित गरियो, यो संसारको सर्वश्रेष्ठ जल हो, र सर्वश्रेष्ठ स्थलमा प्रवाहित छ, र यसको अधिकारी पनि सर्वश्रेष्ठ समूह नै हुन् अर्थात अन्तिम सन्देष्टा रसूलहरुको समापक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका उम्मतीहरु ।

तात्पर्य यो कि जमजम पानी कल्याणको स्रोत हो तर हाम्रा कतिपय भाइहरु यस पानीलाई राम्रो कार्यको लागि न प्रयोग गरी भ्रमित मान्छेहरुको कथन अनुसार यसको दुरुपयोग गर्छन् जुन अवैध र हराम कार्य हो ।

हे भाइ अल्लाहले प्रदान गरेको यस अनुकम्पाको दुरुपयोग नगर नत्र अल्लाह विगतका मान्छेहरु जस्तै तिम्रो लागि पनि यस मूललाई बन्द गरिदिन्छन् र तिमीमाथि अरु समूहहरुलाई अधिपत्य प्रदान गरिदिन्छन् ।

हे भाइहरु ! यस जलका अनगिन्त लाभहरु छन् त्यसै लाभको आशा गरी यसको प्रयोग गर, यो त्यो पानी हो जसद्वारा हजरत जिब्रीलले तिम्रो प्रियतम् नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको हृदयलाई स्वच्छ पारेका थिए ।

तसर्थ यस जलको महत्वलाई बुझ र यस जलको अपमान नगर, यस जलद्वारा तिमी अल्लाहको दर्दमय चिहानको प्रकोपबाट बाँच्न सक्दैनौ यदि बाँच्छौ भने आफ्नो सुकर्मद्वारा । तसर्थ यसबाट कफन धोएमा कुनै लाभ हुने छैन, यदि लाभ भएको भए हाम्रा पूर्वजहरु र सहाबाहरुले यो कार्य अवश्य गर्ने थिए, तर यस्तो कुनै कुराको पुष्टि हाम्रा ग्रन्थहरुमा छैन । तसर्थ यस पानीबाट कफन नधोऊ, यसबाट कफन धोएमा कुनै लाभ छैन ।

प्रिय भाइहरु ! यस पानीलाई खाएर अल्लाहसित याचना गर अल्लाह तिम्रो मनोकामना पूर्ण गर्ने छन्, किनकी इब्ने अब्बास रजीअल्लाहो अन्होको वर्णन छ कि जब उनी जमजमको पानी खान्थे त यो दुआ गर्थे “ अल्लहुम्मा इन्नी अस्अलुका इल्मन् नाफिअन् व रिज्कन् वासेअन् व शिफाअन् मिन् कुल्ले दाअ्”

अर्थ : हे अल्लाह म तिमीसित लाभप्रद विद्याको याचना गर्दछु, र प्रशस्त जीविकाको प्रार्थना गर्दछु, र समस्त विरामीहरुबाट मुक्ति चाहन्छु । ( मुस्तदरक हाकिम )

त हे प्रिय भाइहरु ! यसलाई खाए पश्चात अल्लाहसित दयाको याचना गर र जीविका पाउने प्रार्थना गर, तिमीलाई त्यो सबै मिल्ने छ जुन तिमी चाहन्छौ । तर अल्लाहसित पूर्ण विश्वासको साथ याचना त गर, बहुदेववादलाई त्यागी शुद्ध आस्थावान त बन, कुकर्म र कुबाटोलाई छाडी सुकर्म र सुमार्ग तर्फ प्रवृत्त त होऊ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई यस पवित्र र सर्वश्रेष्ठ जलको महत्वलाई बुझ्ने बुद्धि र विवेक

प्रदान गरुन्, र हामीलाई यसको दुरुपयोगबाट बचाई यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन्, र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् , र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा प्रेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780

00966-0501372254